**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ५ | संख्याः४ | मितिः २०७९/११/२८


**भाग-२**

**चिशंखुगढी गाउँपालिका**

चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको

सूचना

## ज्येष्ठ नागरिक परिचय–पत्र वितरण कार्यविधि, २०७९

कार्यपालिकाबाट प्रकाशित मिति: २०७९/११/१८

राजपत्रमा प्रकाशित मिति: २०७९/११/२८

**१. परिचयः**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची–८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/११/१८ को बैठकले पारित गरि यो कार्यविधि लागू गरेको छ।

**२. परिचय–पत्र वितरणका आधारः**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय–पत्रवितरणका आधार हुनेछन्।

**३. उद्देश्यः**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसूची–२ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्गः**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरणः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएकोछः

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

**६. परिचय–पत्र वितरणका मापदण्डः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचाः**

ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा यस कार्यविधिको अनुसूची–१ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय–पत्रको आकार नेपाली नागरिकताको प्रमाण–पत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

**८. परिचय–पत्र वितरण प्रक्रियाः**

क) ज्येष्ठ नागरिक परिचय–पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण–पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय–पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको ढाँचामा अभिलेख गरी गाउँपालिकाको कार्यालयमा राखी

वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय–पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

**९. विविधः**

क) गाउँपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरी एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

अनुसूची–१

चिशंखुगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना, ओखलढुंगा

प्रदेश नं. १, नेपाल

## ज्येष्ठ नागरिक परिचय–पत्र

प्र.प.नंः........................

नाम थरः ............................................. राष्ट्रियता..................

ना.प्र.प.नंः ..........................................

ठेगानाः प्रदेश................. जिल्ला ...................न.पा. .................

वडा नं. ........ टोल/गाउं ...................

उमेरः .......... लिङ्गः .......... जन्म मिति........................................

उपलब्ध छुट तथा सुविधाहरुः ......................................................

पति/पत्नी/छोरा/छोरी को नामः ..............................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ..............................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं.................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नामः ....................

प्रमाणित गर्नेः–

दस्तखतः

नाम थरः

पदः

कार्यालयः



Annex 1

Chishankhugadhi Rural Municipality

Office of the Municipal Executive

serna, Okhaldhunga

Province 1, Nepal

**Senior Citizenship Card**

Card No……………

Name…………………………………………..Nationality………………

Citizenship No……………………………..

Address : Province . ………………………….. District………………..

ward No……… Tole/Village………………………………………

Age …………………… Sex…………Date of birth …………………

Available Service…………………………………………………………

Name of Wife/Husband/ Daughter/son……………………………………..

Name of caretaker, Contact No. ……………………………………………….

Blood Group ………….Diseases Name…………………………………

Name of drugs …………………………………………………………….

Senior Citizenship Card Photo Approved by

:-

Signature :-

Name :-

Designation :-

Office :-

अनुसूची–२

ज्येष्ठ नागरिक परिचय–पत्र अभिलेख विवरण

| सि.नं. | नाम,थर | जन्म मिति | वुवा÷आमाको नाम,थर | वाजेको नाम,थर | पति÷पत्नीको | पति÷पत्नीको नाम,थर | पति÷पत्नीको नाम,थर | संरक्षकको नाम, थर | ना.प्र.न. तथा जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचय पत्र नं तथा जारी मिति | फोटो | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

तयार गर्ने

नाम, थरः

पदः

प्रमाणित गर्ने

नाम, थर

पदः

**आज्ञाले,**

**लोकमणि खनाल,**

**प्रमुख प्रशासकीय अधिकृत**